मिति —

दस्तकत गर्नेको अधिकार —

(१) एक पदार्थको एक दरखास्त हुनुपर्दछ। फिरिस्तबाट त्यस पदार्थको नम्बर-समेत खोल्नुपर्छ।

(२) सरकारबाट देशीनोटको सटही पाई बैंकबाट हुंडी मात्र छुटाउन लगाई माल-सामान आफैं वा आफ्ना एजेन्टद्वारा चलान गर्ने भएमा सटही पाएको रूपैयाँ-को सयकडा ५ पाँच नगदी धरौटी राख्नुपर्दछ।

(३) आफूले पैठारी गर्न खोजेको पदार्थहरूको पूरा विवरण, खास मोल खोल्नु अत्यावश्यक छ।

# सूचना

कोटाबाहेकको धरङ्गधरा, साँभर र कलकत्ताबाट समेत आउने नूनहरू नेपाल सदरमा ल्याई मनमाना भाउमा बिक्री गरिरहेको छ भन्ने बुझिएको हुनाले यो सूचना प्रकाश गर्ने काम भएको छ। सोबमोजिम कोटाबाहेकको नून नेपाल सदरमा ल्याएको कुनकुन जातको के कति नून ल्याएको हो, यो सूचना प्रकाश भएका मितिले ७ दिनभित्र यस विभागमा फाँटवारी दाखिल गर्न ल्याउनुहोला र बिक्री गर्नेबारे उचित कारवाई हुनेछ। सोबमोजिम कोटाबाहेकको नून ल्याई यस विभागमा फाँटवारी दाखिल गरी पर्ता जोडाई यस विभागबाट भएका आडरबमोजिम बिक्री नगरी आफुखुशी मनमाना भाउमा बिक्री गरेको ठहरिएमा ऐन सवालबमोजिम सजाय हुनेछ।

का.मु. डाइरेक्टर,
सिभिल सप्लाइज विभाग.

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

50